संसारका उत्पीडित युवावर्ग एक होऔं ! एकिकृत जनक्रान्ति जिन्दावाद ! मार्क्सवाद- लेनिनवाद -माओवाद -जिन्दावाद !

# युवा संगठन नेपाल

Youth organization of Nepal.

जिल्ला समिति जाजरकोट

पत्र संख्या:- २०७८/०७९

चलानी नं. ४३

मिति :- २०७८/११/३०

---

विषय :- प्रेस वक्तव्य

हाम्रो महान तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीको सहायक संगठन युवा संगठन नेपाल हजारौं हजार शहिदहरुको बलिदानबाट निर्मित संगठन हो । बिगत लामो समय देखि देश र जनताको मुक्तिको लागि निरन्तर लडिरहेका छौं । देशमा भएको भ्रष्टचार, दलालीकरण, कमिसनखोर, मनपरीतन्त्रका विरुद्ध संघर्ष गर्दै आएको कुरा सबैमा अवगत नै छ । जस अन्तर्गत जाजरकोट जिल्ला भित्रको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख टिकाराम जैसीले स्वास्थ्य क्षेत्र भित्र गरेको भ्रष्टचार, कमिसन, अनियमितता र मनोमानी ढंगले गर्दै आएको हुनाले हाम्रो प्रिय संगठन युवा संगठन नेपाल जाजरकोटले बिगत ६ महिनाको लामो अध्ययन अनुसन्धान पश्चात आज पुष्टि भई जनताको माग अनुसार निज व्यक्ति टिकाराम जैसीलाई जनकार्वाही गरीएको छ । अन्तमा कार्यालय प्रमुखको जिम्मेवारी बाट राजिनामा नदिएको खण्डमा थप कार्वाही गर्न बाध्य हुनेछौं ।

क्रान्तिकारी अभिवादन सहित !

विवश
इन्चार्ज

डि.आर.
अध्यक्ष

## * जिल्ला स्वास्थ्य प्रमुख टिकाराम जैसीलाई कार्वाही किन.......?

१. कोरोना लगायत यसका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट आ.व.२०७७/०७८ मा प्राप्त रकम २ करोड १२ लाखमा जम्मा २५ वटा बेड र कार्यालयमा आवश्यक सामान मिलेमतोमा खरिदगरी रु.१० लाख भ्रष्टचार गरेको ।

२. प्रदेश सरकारबाट कोभिड १९ को महामारीमा बिरामी स्थान्तरणका लागि एम्बुलेन्स  खरिद गर्न भनी पठाएको जम्मा रु.१० लाख रकम खरिद नगरी रकम अन्य शिर्षकमा खर्चगरी २ लाख भ्रष्टचार गरेको

३. जिल्ला अस्पताल जाजरकोटमा X- Ray मेसिन रु.२६ लाख रुपैयाँ पर्नेलाई  रु.६० लाखमा खरिद गरी रु.३४ लाख भ्रष्टचार गरेको ।

४. जिल्ला स्वास्थ्य कार्यालय प्रमुखले इन्धन खर्च बाफत रु.४ लाख ५० हजार लाई दोहोरो तर्फबाट भुक्तानी गरी पद दुरुपयोगको साथै इन्धन खर्च दोहोरो सेवा लिएको ।

५. जिल्ला अस्पताल जाजरकोटमा जडान भएको अक्सिजन पलान्ट रु.६९ लाखमा खरिद हुने ठाउमा रु.७४ लाखमा खरिद गरी ५ लाख हिनामिना गरेको ।

६. जाजरकोट अस्पतालमा नयाँ भवन बन्दै गरेको साथै सो भवनको लागि पुराना भवन भत्काउनु पर्ने भएको हुँदा प्रयोगशाला भवनमा सार्वजनिक सूचना प्रकाशन नगरी रु.४ लाख ९० हजारमा ३ वटा कोठामा जस्तापाता बाट छाना छुवाई यसमा हदै सम्मको रकम हिनामिना गरेको ।

७. यसै आ.व.२०७८/०७९ मा अस्पतालको बर्थिङ भवनमा मार्बल टायल लगाउनको लागि NICK Sinwn भन्ने संस्थाबाट रकम प्राप्त भई सूचना नै प्रकाशन नगरी सोको लागि आवश्यक मापदण्ड गोप्य रुपमा मिलेमतोमा तयार गरी रकमलाई टुक्रयाई  आर्थिक ऐन विपरीत रु.४ लाख ९८ हजारमा सम्झौता गरेको ।

८. अस्पताल व्यवस्थापन बाफत केन्द्र सरकारले जाजरकोट अस्पतालमा पठाएको दरबन्दीमा पदपुर्ति नगरेको जसमा १३ महिना × ३७७९० दरले तलब जम्मा १ बर्षको जम्मा रु.४,९१,२७०।- र १० हजार पोशाक - खर्च व्यक्तिगत लाभ नहुने देखि सकेपछी रकम खर्च नभएको र हाल सम्म पदपुर्ति नगरेको ।

९. औषधी ढुवानी खर्च भनी आएको रकम अन्य शिर्षकमा खर्च गरी व्यक्तिगत लाभ लिई नागरिक सेवा बाफत पाउनु पर्ने औषधी उपचारबाट बञ्चित बनाएको ।

१०. अस्पतालमा जडान भएको Establizer (स्टेबलाइजर) अधिकतम बजार रेट यसको ६ देखि ७ लाख सम्म पर्ने मेसिनलाई ९ लाखमा खरिद गरेको ।

११. जनतालाई दिने निःशुल्क औषधी खरिद गर्ने भनेर आएको रु. १५ लाख रकम हाल सम्म खर्च नगरेको ।

१२. X- Ray मेसिन खरिद नगरी ४३ लाख आफनै अनुकुलतामा राखेको ।

१३. अस्पताल भर्ना भएको बिरामीलाई दैनिक रु.२५३ देखि ३१७ सम्मले खुवाउनु पर्नेमा ठेकेदार र स्वास्थ्य प्रमुखको मिलेमतोमा दैनिक १८० रुपैयाँको मात्र खाना नास्ता खुवाउने गरेको ।

१४. जिल्ला अस्पतालबाट निःशुल्क वितरण गर्ने औषधी समयमा प्रत्येक जिल्ला भित्रका स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकीमा नपुर्‍याई मिति नाघेपछि नष्ट गर्ने गरेको ।

१५. जिल्ला अस्पतालमा काम गर्ने महिला कर्मचारी संग अनैतिक क्रियाकलाप गर्ने मनसाय बनाएको जस्को कारणले सो महिला कर्मचारीले जागिर छोड्न बाध्य भएको र आन्तरिक रुपमा विषय उठ्दा उल्टै कर्मचारी माथि हातपात गरेको ।

१६. जिल्ला अस्पताल बहुसंख्यक कर्मचारीहरुले हस्ताक्षर संकलन गरी निज व्यक्तिलाई सरुवाको माग गरेर जिल्ला प्रशासन कार्यालय जाजरकोटमा उजुरी जाँदा पनि सुनुवाई नभएको ।